# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शितगंगा नगरपालिका
## अर्घाखाँची

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शितगंगा नगरपालिका
## अर्घाखाँची

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शितगंगा नगरपालिका

## अर्घाखाँची

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**
**महालेखापरीक्षक**

**२०८१ जेष्ठ**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

(लुम्बिनी प्रदेश)

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. ४५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुखज्यू ,

शितगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

अर्घाखाँची ।

## १. कैफियत सहितको राय

हामीले शितगंगा नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले शितगंगा नगरपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. शितगंगा नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ९२ लाख ६५ हजार बेरुजु देखिएको छ। बाँकी बेरुजु असुल गर्नुपर्ने रू.३ लाख १४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४१ लाख २३ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ४८ लाख २७ हजार रहेको छ। शितगंगा नगरपालिकाको गतवर्ष सम्म रु.१३ करोड ५५ लाख १४ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. १६ करोड ४७ लाख ७९ हजार रहेको छ। शितगंगा नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने गंगादेव गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी शितगंगा नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(घनश्याम पराजुली )**

नायब महालेखापरीक्षक

शितगंगा नगरपालिका, अर्घाखाँची

## १. चालु वर्षको बेरुजु २०७९।८०

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९७ | ३८ | २९२६५ | ० | ० | ० | ९७ | ३८ | २९२६५ | ३१४ | २४८२७ | ४१२४ | ० | ० | २८९५१ | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| शितगंगा नगरपालिका ,अर्घाखाँची | १३५५१४ | ० | ० | १३५५१४ | ० | २९२६५ | १६४७७९ |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५ ।११ देखि २०८०।५। १८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति –** नगरपालिकाको प्राप्ति तथा भुक्तानी तर्फ रु.२ अर्व १७ लाख ८३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को बिष्तृत विवरण **अनुसूची -१** मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छ ।
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।
त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२.३ यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.३४३६२५० यस वर्षको प्राप्ति रु. यस वर्षको भुक्तानी रु.२२४४७२३१२.४६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ८०१६८५३५.२९ | ७६६२९४५३४।९३ | ७८९९७८२०५.५८ | ५६४८४८६४.६४ |

| | | | | |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरणअनुसार | ७६७३२२८५.२९ | ९९०७६६८४७.३९ | १०११०४१४२६८.०४ | **५६४८४८६४.६४** |
| फरक | ३४३६२५० | (२२४४७२३१२.४६) | (२२१०३६०६२.४६) | ० |

सैद्धान्तिक बेरुजु

२.४ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।पालिकाले सामाजिक सुरक्षाको रु. १७९२८८१२५.४६ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७९/०३/० ९गते रु. ८६करोड ६५ लाख ८५ हजार को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८/०३/१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८/०३/१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्म्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय तहकोआर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी दफा ७१ बमोजिम बजेट पेश र पारित गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु १ करोड अबण्डा राखेको छ । उक्त

अबण्डा रकम कार्यपालिकाको निर्णयबाट उपप्रमुखसँग दिदिबहिनी कार्यक्रम संचालन गरी खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ र ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

रकम रु. हजारमा

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | | त्रैमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथमत्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथोत्रैमासिक | असार महिना |
| १ | चालु खर्चतर्फ | ५४९२५२ | १३४२२७ | ३७६९९ | ९१७५९ | २९४५६९ | १५२२१३ |
| २ | पूँजिगत खर्चतर्फ | २२९९२३ | ३५६२ | १२७२० | ७९६२३ | १३३९१९ | ६६७४० |
| | जम्मा | ७७९०७५ | १३७७९९ | ५०४१९ | १७१३९२ | ४१९४९६ | २१९९५३ |
| | प्रतिशत | ९४.९५ | १५.०३ | ५.५० | १९.६९ | ४५.६३ | २३.९९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ७७९०७५००० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १३८९००७७ अर्थात १५.०३ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.५०४१९०० अर्थात ५।५० प्रतिशत र तेश्रो त्रैमासिकमा रु.१७१३८९००, अर्थात १९.६९ प्रतिशत, चौथो त्रैमासिकमा रु.४१९४८६ अर्थात ४५.६३ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. २१८९३५३००० अर्थात २३.९९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७ **आन्तरिक नियन्त्रण प्रणाली** - आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनूसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• दिगो विकास योजना(२०१५-२०३) लाई कार्यान्वियन गर्ने सबन्धमा लक्ष्यलाई आन्तरिकिकरण गर्ने र मध्यकालीन लक्षंयहरु तोकी मूल्याङ्गन गर्ने कार्य गरेको देखिएन

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाईयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

• स्थानीय ग्रामिण तथा कृषि सडक झोलुङ्गे पुल पुलेसा सिचाई र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा कार्यान्वियन मर्मत सम्भार र नियमन सम्बन्धी कार्य नभएको

• संघीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास बस्ती विकास र भवन सम्बन्धी नीति कानून मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा आयोजना पहिचान अध्ययन कार्यान्वियन र नियमको कार्य नभएको

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ९ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• स्थानीय तहले आफंनो क्षैत्रमा कार्यावयन हुने आयोजनाको विश्लेक्षण गरी सम्भाव्य आयोजनाको बैङ्क खडा गरेको देखिएन।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको १०८ जनाको दरबन्दी रहेकोमा ५५ दरबन्दी रिक्त रहेको पाईयो ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
• निजामती सेवा ऐन २०४९ बमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।
तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्यक्षेत्र | वार्षिकवजेट | खर्चरकम | कुलखर्चमध्येप्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ६२३९९000.00 | ५१७७0४५0.९९ | ६.६५ |
| सामाजिकक्षेत्र | ४७0९0२000.00 | ४0८७९२0९९.४0 | ५२.५४ |
| पूर्वाधार विकास क्षेत्र | १९६१३१000.00 | १७0३५९४५३.00 | २१.९९ |
| वातावरण तथा विपद्व्यवस्थापन | १७0६२000.00 | १२६२0४६१.५0 | १.६२ |
| संस्थागत विकास र सेवाप्रवाह तथा सुशासन | २५६0१000.00 | २0५९१३४९.0९ | २.६५ |
| वित्तीय व्यवस्थापन र सुशासन | १000000.00 | 0.00 | 0.00 |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | १४४0६९0६७.00 | ११३९५३९५४.७२ | १४.६५ |
| **जम्मा** | **९१७0५२0६७.00** | **७७८0७७६५६.५९** | **१00** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५२.५४ प्रतिशत र वित्तीय व्यवस्थापन र सुशासन मा सबै भन्दा घटीमा 0 प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

९ **खर्च बिश्लेषण** - पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१३६२0९0९ राजस्व बाँडफाँड र अनुदानबाट रु.७७७१९0७0७ समेत रु. ७९0८११६१६.९आम्दानी भएकोमा चालु तर्फ रु.५४८२५३0८८.५८ र पूँजिगत तर्फ रु.२२९८२४५६८ समेत

रु.७७८०७७६५६.६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७५ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु.१३२५८००० खर्च भएको छ जुन आन्तरिक आयको ९७.३३ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९ प्रतशित चालु र २९प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१० **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २४ वटा ऐन, ४ वटा नियमावली, ४५ कार्यविधि, ७३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

११ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ रहेको र यो बर्ष थप भएको ३० गरी कुल ३३ विवाद दर्ता भएकोमा २७ वटा मात्र फछ्र्यौट भई ६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ। तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **आर्थिक सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.४६६५९१० आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान १ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **जिन्सि अद्यवधिक -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **शहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ।

पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २७ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## १८ प्रकोप व्यवस्थापन कोष

१८.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात रू. १४ लाख र यस वर्षको आम्दानी रु. ० लाख समेत रू. १४ लाख कुल आम्दानी भएकोमा रू. ५० हजार खर्च गरी बाँकी रु. १३ लाख ६० हजार बाँकी देखिन्छ।

सैद्धान्तिक बेरुजु

१८.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि मात्र २ वटा बैठक बसी लाभग्राहीलाई सहयोग कार्य गरेको पाइयो ।

सैद्धान्तिक बेरुजु

१८.३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गर्ने, अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८.४ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी

समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत |
|---|---|---|---|---|
| मुलावारी टोड्की कचहरे साउने थुम पदमार्ग निर्काण | इन्जिनियिरङ्ग एण्ड इन्भारोमेन्ट कन्सल्ट प्रा.लि | ४९९ | ४९२ | ३३० |
| आईइ प्रतिवेदन | दुरदर्शीइन्जिनियरिङ्ग कन्सन्टेन्सी | १५०० | १४९३ | ० |
| आईइ प्रतिवेदन | चन्द्रा रिसर्च कन्सन्टेन्सी प्रा.लि | १००० | ९९६ | ० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा १९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२० **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा ईन्जिनियरसहित १०८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ईन्जिनियरसहित सहित ५३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ९ पदहरुमा ५५ दरबन्दी रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **करार कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले नगरवाट दरवन्दी स्वीकृत गरी विभिन्न १५ पदमा १५२ जना कर्मचारीहरु करारमा राखि रु. ३५८९३२३४ खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको इन्जिनियर १ जना सव इन्जिनियर ६ जना प्रशासन सहायक ८ जना लगायत विभिन्न ९ पदमा ५१ जना करार नियुक्ति गरी बर्षभरीमा रु.९५५२७६६ भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९५,५२,७६६ |

२२ **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा नगरेकोले ऐन भएको व्यवस्था अनुसार कार्य गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२३ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.४३७०८७९ खर्च गरेको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२४ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२५ **योजना छनौट र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट

स्वीकृत बार्षिक नगर विकास योजना २०७९।८० को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| २३४ | १२६ | १७५ | ७१ | ३६ | ६४२ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष १० लाख भन्दा माथिका जम्मा ३६ वटा योजना संचालन गरेकोमा रु.१० लाख भन्दा मुनिका मात्र ६०६ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षैं भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **लक्ष्य प्रगति -** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । कार्यक्रम/योजना कुल कार्यक्रम वार्षिक प्रगति स्थिती

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५% भन्दा बढी प्रगति |
| कार्यक्रम संख्या | ६४२ | ८ | ० | ३ | ६ | ६२५ |

।लक्ष्य अनुसार प्रगति नभएको सम्वन्धमा प्रतिवेदनमा कुनै व्यहोरा उल्लेख गरेको छैन । स्वीकृत वार्षिक कार्यक्रम अनुसारको लक्ष्य तथा प्रगति हुनेगरी कार्य सम्पादनमा सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **सेवा प्रवाह -** सेवाप्रवाहको स्थिति : यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास/अभिलेखिकरण | ९ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १५५७ |
| मृत्युदर्ता | ३९५ |
| बसाईसराई दर्ता | आएको १०० जाने ३७८ |

| | |
|---|---|
| विवाह दर्ता | ६६१ |
| सम्बन्धविच्छेद दर्ता | ४५ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ०.९ कि मि |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | १४ कि मि |
| ग्राभेल सडक मर्मत | ५ कि मी |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पञ्जिकरणतर्फ को सेवा प्रवाह बाहेक अन्य सेवा प्रवाह सन्तोषजनक देखिएन।

सैद्धान्तिक बेरुजु

२८ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **वडा सचिवको पदपूर्ति -** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १४ | १४ | ७ | ७ |

पचास प्रतिशत वडा सचिवको पदपूर्ति नहुदा सहज र सरल तरिकाले प्रशासनिक सेवा प्रवाहमा असर परेको छ

सैद्धान्तिक बेरुजु

३० **बार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २१,५७,३५,२७० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा

उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **ठेक्का व्यबस्थापन -** सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छ।

| विवरण | ठेक्का संख्या | | | | | कुल सम्झौ संख्या |
|---|---|---|---|---|---|---|
| | प्रथमत्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथोत्रैमासिक | असार महिना | |
| ठेक्का तर्फ | १ | ६ | ३ | ७ | ० | १७ |
| उपभोक्ता समिति तर्फ | ५ | १९२ | २१४ | १० | ५ | ४१६ |

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ उपनियम ७ मा कार्यालयले वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा ठेक्का सम्झौता गर्ने कार्य प्रथम त्रैमासिकमा सम्पन्न गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले यस वर्ष बोलपत्र गरेको कुल १७ ठेक्का मध्ये १ वटा पहिलो त्रैमासिक, ६ वटा दोस्रो त्रैमासिक, ३ वटा तेस्रो त्रैमासिकमा र ७ वटा चौथो त्रैमासिकमा सम्झौता गरेको छ । नियमानुसार पूर्व तयारी गरी चालु वर्षमा गरिने काम समयमा सम्पन्न गर्नेगरी ठेक्का सम्झौता गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

३२ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन सकिएन।

सैद्धान्तिक बेरुजु

३३ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **कन्टिन्जेन्सी खर्चको अभिलेख** -नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २.५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७९/८० मा कन्टीन्जेन्सी बापत रु. २५००४८५ कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । पालिकाले कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी कन्टिखर्जेच गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३५ **आयको अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१०५००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१३६२०९०९.४९ अर्थात अनुमान भन्दा २९.७२ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

३६ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५४१३७९१५३ | १३६२०९०९.४९ | २.५२ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.५२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३७ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शिर्षक** | **अनुमान** | **असुली** | **असुलीप्रतिशत** |
|---|---|---|---|
| ११३१३–एकीकृत सम्पती कर | ०.०० | ५९७०६०.०० | |
| ११३१४–भुमिकर/मालपोत | १०००००.०० | १५३२५९१.०० | १५३.२६ |

| | | | |
|---|---|---|---|
| ११३२१– वहाल कर | १०००००० .०० | ५५9१२१.०० | ५५.91 |
| ११६११– व्यवसायले भुक्तानी गर्ने | ०.०० | १३९००.०० | |
| ११६९१– अन्य कर | १००००० .०० | 199९९.०० | 19.99 |
| १४१५१ — सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १०००००० .०० | ०.०० | ०.०० |
| १४२२९– अन्य प्रशासनिक सेवा शुल्क | ५००००० .०० | १२६०००० .०० | २५२.०० |
| १४२४२– नक्सापास दस्तुर | ०.०० | १३१९३१.०० | |
| १४२४३– सिफारिश दस्तुर | १२००००० .०० | १२9४900.०० | १०७.91 |
| १४२४४– व्यक्तिगत घटना दर्ता दस्तुर | २००००० .०० | ६७१७००.०० | ३३५.९५ |
| १४२४५– नाता प्रमाणित दस्तुर | १००००० .०० | ०.०० | ०.०० |
| १४२४९– अन्य दस्तुर | २००००० .०० | १४६२900.०० | ७३१.४५ |
| १४२५३– व्यावसाय रजिष्ट्रेशन दस्तुर | १०००००० .०० | ०.०० | ०.०० |
| १४३१२– प्रशासनिक दण्ड, जरिवाना र जफत | ७००००० .०० | १९२०५१०.०० | २६०.०७ |
| १४५११– बीमा दावी प्राप्ति | ०.०० | १६४५००.०० | |
| १४५२१– प्रदुषण नियन्त्रण शुल्क | ०.०० | १६००००० .०० | |
| १४५२९– अन्य राजस्व | ३५००००० .०० | १९०७२१९.४९ | ५१.६३ |
| १४६११– व्यवसाय कर | ०.०० | ६९४९००.०० | |
| **जम्मा** | १०५००००० .०० | १३६२0909.४९ | १२9.७२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३८ आय ठेक्का

३८.१ पालिकाले यस वर्ष देहायका खोलामा आय ठेक्का को लागी बोलपत्र आव्हान गरेकोमा सो ठेक्का प्रक्रियामा कोही सहभागी भएको देखिएन।

| सि.न | ठेक्का न. | नदी/खोलाको नाम | उत्खनन परिमाण घ.मि | न्यूनतम मूल्याङ्कन मू.अ कर बाहेक |
|---|---|---|---|---|
| १ | २४(आ११) | रासी नदी/ रासी वगरको पल्टेडाँडा उत्तर तर्फको क्षेत्र | १२७०५ | ३५९१००० |

| | | | | |
|---|---|---|---|---|
| ३ | २५(आ१२) | रङ्गसिङ्गखोला/ तिनखण्डे खा.पा आयोजनाको ५०० मि उत्तर पूर्वको र तिनखण्डे पुच्छारको क्षेत्र | ३०६९ | ८६८०००० |
| ४ | २६(आ१३) | खयरभट्टिखोला /दुमही घाटदेखि टिक्करी मौवावारी खयरभट्टी बनकसवास बाटोसम्मको क्षेत्र | ७२७६ | २०५७००० |
| ५ | २३(आ १३) | खयरभट्टिखोला/ खयरभट्टी ठुलो कुलो बाँध देखि राता पहेरा कपिलवस्तु अ/खाँ सिमाना क्षेत्रको घाट | ८३१६ | २३५१००० |

पालिकाले मिति २०९७।११।२३ मा सूचना प्रकाशन गरी ठेक्का व्यवस्थापन गरेकोमा ढिला ठेक्का खोलेको कारणले कुनै पनि ठेक्का लगाएको देखिएन। यसबाट पालिकालाई रु ८६ लाख ६७ हजारको बराबरको सम्भावित राजश्व गुमेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

३८.२ सार्वजनिक खरिद नियामावली २०६४ को नियम ९७ को उपनियम(१) मा सार्वजनिक निकायलेअमानतबाट कार्य गर्न एक तह माथिको पूर्व स्वीकृती लिनुपर्ने व्यवस्था छ। पालिकाले नदिजन्य पदार्थहरुको लागी ठेक्कामार्फत कार्य गर्नका लागी सूचना आव्हान गरेकोमा सो ठेक्का प्रक्रियामा कोही पनि सहभागी नभएकोले ठेक्का लाग्न नसकि पालिकाका कर्मचारीबाट अमानतमा विभिन्न नदीबाट नदीजन्य पदार्थ विक्रि गरी रु ५०२७५५५ आम्दानी गरेको उल्लेख छ । सो सम्बन्धमा नदिजन्य पदार्थ कति परिमाण उत्खनन गरि विक्रि गरेको खुल्ने विवरण लगायत विक्रि रसिद सम्वन्धित कर्मचारीले तयार नगरेकोले प्राप्त आम्दानी एकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

## ३९ राजश्व संकलन तथा दाखिलाः

३९.१ कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । स्वचालित प्रणाली नभएपनि रसिद नियन्त्रण खाता राखी अभिलेख अद्यावधिक गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३९.२ आर्थिक कार्यबिधि वित्तिय उत्तदायित्व ऐन २०७६ को नियम दफा २८ मा तालुक कार्यालयले १० प्रतिशत जरिवाना समेत नगद दाखिला गर्न लगाई जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजस्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय

कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १४वटा वडा पालिका प्राप्त गरेको राजस्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजस्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजस्व रकम र बैंकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९.३ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष पालिकाले असुल गरेको छैन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस शीर्षकमा कुनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु ६८४८०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आप्mनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **सम्पती व्यवस्थापन -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन ।पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **कराका तलब वृद्धि -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ मा कार्यविभाजन र कार्यसम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुने कार्यपालिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार सो नियमावलीमा उललेख हुनुपर्ने र नियमावलीबाट पदाधिकारीहरुको कार्यविभाजन वा काम कर्तव्य र अधिकार नतोकिएसम्म स्थानीय सरकार संचालन ऐन बमोजिम हुने व्यवस्था छ। कार्य विभाजन र कार्यसम्पादन सम्बन्धी नियामावली नबनाई कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन विपरित करारमा कार्यरत ७८ जना कर्मचारी मध्ये ७७ जनालाई मासिक २ हजार र १ जनालाई १२ हजारका

दरले ९ महिनाको रु.१४९४००० खर्च लेखर्को छ।आन्तरिक आम्दानी समेत न्यून रहेको अवस्थाम पालिकालाई आर्थिक भार पार्ने गरी तलब वृद्धि गरेको उचित देखिएन।पालिकाले श्रोत साधनको मूल्यॉंकन गरी सुविधा वृद्धी गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४२ **वडाबाट नियुक्ति -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ।सोही अख्तियारी भित्र रहि प्रमुख प्रशासकिय अधिकृतले खर्च गर्नुपर्दछ र अख्तियारीप्राप्त व्यक्तिले मात्र कर्मचारी नियुक्ती गर्नुपर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले सोही व्यवस्थाको पालना नगरी वडा न. ५,७, १ मा कार्यालय सहयोगी, सडक हेरालु वडासमितिले नियुक्त गरी वार्षिक रु.३०२९००/-खर्च लेखेको नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,०२,९०० |

४३ **अपाङ्गगता र एकल भत्ता -** स्थानीय तहले आफ्नो क्षेत्रमा अनुत्पादक, पुँजी वृद्धि नहुने, महत्वाकांक्षी एवं वितरणमुखी योजनाहरुलाई निरुत्साहित गर्दै उत्पादनमुलक योजनाहरुमा बजेट विनियोजन गर्नुपर्दछ । साथै पालिकाले आफ्ना नागरिकलाई सुविधा उपलव्ध गराउदा नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरो नपर्ने गरी कार्यविधि स्वीकृत गरेर मात्र कार्यान्वयनमा ल्याउनु पर्दछ । नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत जेष्ठ नागरिक, एकल महिलालाई मासिक रुपमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको छ । त्यस्तै स्वास्थ्य कार्यक्रम अन्तरगत गर्भवती महिलालाई स्वास्थ्य संस्थामा आई गर्भाती जाँच गराउँदा यातायात खर्च तथा सुत्केरी हुँदा पोषण भत्ता समेत दिँदै आएको छ । त्यस्तै मुटु, क्यान्सर, मृगौला जस्ता कडा एवं दिर्घ रोगीहरुलाई अस्पतालमा उपचार गर्दा लाग्ने उपचार खर्चमा रु. १ लाख सम्मको खर्च नेपाल सरकारले दिँदै आएको छ । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १४ मिति २०७८।५।१५ को पत्रअनुसार सामाजिक सुरक्षा र गरिबी निवारण विषय संघको अधिकार सुचिभित्र रहेकोले संघले संचालन गरेका सामाजिक सुरक्षाका कार्यक्रममा समानान्तर थप कार्यक्रम संचालन नगर्न नगराउन अनुरोध गरिआएकोमा यो वर्ष ग वर्गकाअपाङ्गता भएका व्यक्ति, ३५ वर्ष माथिका एकल महिला, र ४० वर्ष माथिका एकल पुरुषलाई मासिक भत्ता वितरण गरी रु . १४०२००० खर्च लेखेको देखिएकोले पालिकाले यस्ता वितरणमुखी खर्च नियन्त्रण गर्नुपर्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४ **सञ्चार सुविधा -** कार्यपालिकाको मिति २०७४/१०/२८ को निर्णयअनुसार नगरपालिकाबाट दिने सेवा सुविधालाई छिटो सहजता ल्याई सुव्यवस्थित बनाउनका लागी आवश्यक पर्ने संचार ,गाडी, इन्धन खर्च तोकी चालु आ.वको लागी आवश्यक प्रकृया पुर्याइ खर्चको विल भरपाई पेस गरी शोधभर्ना दिने निर्णय भएकोमा आ.व २०७९/८० मा सोही निर्णयको आधारमा कर्मचारीलाई सुविधा दिएको देखियो । पुरानै निर्णयको आधारमा थप निर्णय नगरी संचार रु.३७०००० खर्च लेखेको नियमसम्मत मान्न नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,७०,००० |

४५ **स्थानीय तहका पदाधिकारी सुविधा -**नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. १३२५८००० सुविधा वापत भुक्तानी भएको छ । विस्तृत विवरण **अनुसूचीमा** -२ **मा** संलग्न छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४६ **स्थानीय भत्ता -** अर्थमन्त्रालयको परिपत्रको मिति २०७१/४/२ को पत्रानुसार बुंदा (ख) मा स्थानीय स्तरमा समितिद्धारा नियुक्ति भई सोही स्थानमा काम गर्ने कर्मचारीहरुले स्थानीय भत्ता नपाउने व्यवस्था भएको र स्थानीय स्तरमा नियुक्ति हुने कर्मचारी भन्नाले स्थानीय निकाय वा समितहरुले नियुक्ति गरी नेपाल सरकारबाट तलब सुविधा प्राप्त गर्ने कर्मचारीलाई बुझाउने उल्लेख छ। पालिकामा साविकका समितिद्धारा नियुक्त गरेका तथा संघीयता लागु भएपश्चात स्थानीय तहले नियुक्ति गरेका २५ जना कर्मचारीहरुलाई वार्षिक रु.२३७६१२ स्थानीय भत्ता खर्च लेखेको छ।परिपत्रअनुसार स्थानीय निकायले नियुक्ति गरेका र साविकका स्थानीय तहका कर्मचारीले सो सुविधा पाउने देखिंदैन।यस सम्बन्धमा सम्बन्धित निकायले स्पष्ट पार्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४७ **८४ बर्षे वर्षगाँठो सम्मान कार्यक्रम -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यन्वयन गर्नुपर्ने व्यवस्था । पालिकाले ८४ वर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई ८४ वर्षको गाँठको उपलक्ष्यमा सम्मान गर्न ६० लाख वजेट विनियोजन भएकोमा कार्यपालिकाको निर्णयअनुसार गतवर्षको मौज्दातबाट थप गरी ३१९ जना वद्धा वृद्धलाई एकपटकको लागी २५ हजार को दरले नगदै वितरण गरी रु. ७९७५००० खर्च लेखेको छ । नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत जेष्ठ नागरिक, एकल महिलालाई मासिक रुपमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएकोमा नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरो पर्ने गरी पालिकाको पर्याप्त आन्तरिक श्रोत वेगर यस्ता वितरणमुखि सम्मान कार्यक्रम स्विकृत गरि वजेट खर्च गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **अन्य कार्यालय खर्च -** कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र स्वीकृत कार्यक्रम र बजेट सिमा भित्र रही खर्च गर्नुपर्दछ । पालिकाले यसवर्ष समान अस्तित्व र छुट्टै बजेट विनियोजन हुने तथा पालिकाको नियन्त्रण अधिकार क्षेत्र भित्र पनि नपर्ने देहायका संघिय कार्यालयको विभिन्न मर्मत कार्यको लागि बजेटमै विनियोजन तथा तोक आदेश गरी भुक्तानी दिएको छ । उल्लेखित कार्यालयको लागि तालुक निकायवाट समेत बजेट विनियोजन हुने भएकोले एउटै कामको लागि २ निकायवाट विनियोजन हुन सक्ने अवस्था समेत रहेकोले यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ।

| क्र.स. | गौ.भौ.न./मिति | कार्यालय र प्रयोजन | रकम |
|---|---|---|---|
| १ | ३१/२०७९/६/१३ चाँलु | प्रहरी चौकी | ४९४०० |
| २ | २२१/२०७९/१०/६ चाँलु | ई.प्र.का सवारी साधन मर्मत | २०३६०० |
| ३ | ३५७/२०७९/१२/१२ चाँलु | ई.प्र.का कार्यालय व्यवस्थापन | १००००० |
| ४ | ४१६/२०७९/१२/२९ चाँलु | जिल्ला अदालत गाडी मर्मत | ४२१३५ |
| ५ | ५११/२०८०/२/१६ चाँलु | अतिरिक्त हुलाक कार्यालय कार्यालय साम्रगी | ५०००० |
| ६ | ५२६/२०८०/२/१६ | प्रहरी कार्यालय व्यवस्थापन सातमारा र सिद्धारा | १००००० |
| ७ | ११७/२०७९/११/२९ पूजिगत | कम्पूटर खरिद प्रहरी चौकी सातमारा | ३५२५० |
| ८ | ४२६/२०८०/२/८ पूजिगत | जिल्ला प्रहरी कार्यालय ट्रस्ट निर्माण | १५०००० |
| | | जम्मा | ७३०३८५ |

| सैद्धान्तिक बेरुजु |
|---:|

४९ **वडा कार्यालय खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले १४ वडा कार्यालयहरुमा विविध खर्च वार्षिक रु. १९१२००० र इन्धन खर्च ८३६१५२ गरी रु.२७४८१५२ भुक्तानी दिएकोमा खाजा तथा इन्धनको विल भर्पाई संलग्न गरि सम्बन्धित फर्मलाई भुक्तानी नदिई विल भर्पाई समेत संलग्न नगरी सिधै वडा सचिवको नाममा शोधभर्ना गरेको देखियो । यस सम्बधमा सुधार गरी सम्बन्धित फर्मलाई भुक्तानी गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---:|

५० **वडा कार्यालयबाट खरिद -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ। कार्यालयको खरिद व्यवस्थापन सम्बन्धमा परीक्षण गर्दा वडा कार्यालयको लागि आवश्यक सामग्री खरिद गर्दा वडा कार्यालय आफैले माग फाराम तयार गर्ने, खरिद आदेश दिने, वडामै जिन्सी दाखिला भएको भनी विल सहित भुक्तानीको लागि माग गरेको आधारमा कार्यालयले भुक्तानी दिएको देखियो। बजेट संचालन गर्ने निकायवाट सामग्री खरिद गरी जिन्सी अभिलेखमा चढाई हस्तान्तरण मार्फत वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको जिन्सी आम्दानी गर्नुपर्नेमा सो नगरेको कारण एकिकृत जिन्सी अभिलेख तयार भएको नदेखिएकोले नियमित मान्न नसकिएको रु

| गो.भौ.न./मिति | सामानको विवरण | रकम |
|---|---|---|
| ३३१/२०७९/११/२५ | कार्यालय साम्रगी सोफा लगायत वडा न.६ | १००००० |
| ६६८/२०८०/३/२० | अफिस टेवल लगायत वडा न. ५ | ८९००५ |
| ७९८/२०८०/३/२४ | टेवल/ दराज स्टील लगायत | ५०१७२ |
| | जम्मा | २३९१७७ |

| प्रमाण पेश नगरेको | २,३९,१७७ |
|---:|---:|

५१ **पशु औषधी -** पालिकाले यस बर्ष रु.९८२७६८ को भेटेनरी औषधि कर्मचारी तथा विभिन्न फर्महरुबाट पटक पटक गरी सोझै खरिद गरेको छ ।खरिद गरेकासे उक्त औषधिहरु कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको, औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन नगरेको तथा वितरणको भरपाई अद्यावधिक नराखेको कारण औषधिको गुणस्तर र कृषकहरुले प्राप्त गरेको सम्बन्धमा एकिन गर्न सकिएन।यसमा सुधार हुनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---:|

५२ **सेवा सुविधा कानून निर्माण -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२)बमोजिम

अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । शितगंगा नगरपालिकामा साविक स्थानीयलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा स्तरबृद्धि सम्बन्धि कानून बनाएको देखियो । संघीय निजामती सेवा ऐनको तर्जुमा नहुँदै स्थानीय तहका कर्मचारीहरुको स्तरबृद्धि सम्वन्धि कानून बनाएकोले उक्त कानून कार्यान्वयन गरिनु नियमसम्मत देखिंदैन । अतः यसमा सुधार गरिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५३ **गैरसरकारी संस्थाबाट कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा गैससवाट काम गराउँदा छिटो, छरितो, प्रभावकारी तथा मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैह्र सरकारी संस्थासंग काम गराउन सक्ने व्यवस्था छ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले आफ्नो विषयगत शाखा र उपलव्ध जनशक्तिले सम्पन्न गर्न सक्ने चालु प्रकृतिका ५ कार्यक्रम मुल्य अभिबृद्धि करमा दर्ता नभएका गैह्रसरकारी संस्थाबाट गराई रु २०९६८८४ भुक्तानी गरेको छ । पालिकाले उक्त गैर सरकारी संस्थाबाट भएका कार्यक्रमको प्रभावकारीता सम्वनधमा अनुगमन गरी प्रतिवेदन समेत तयार गरेको छैन । पालिकाको जनशक्ति बाट सम्पन्न हुने काम गैर सरकारी संस्थाबाट नगराई मितव्ययी र प्रभावकारी ढंगबाट आफ्नै जनशक्तिबाट गराउनु पर्दछ

| सैद्धान्तिक बेरुजु |
|---|

५४ **जिन्सी दाखिला -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ (१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालासामान सात दिनभित्र यथास्थानमा दाखिला गरी खडा गर्नुपर्ने व्यवस्था छ। पालिकाले सुवर्णखालका ४ विद्यालयका लागी गौ.भौ.न ६४९/२०८०/३/१९ चालुमा ल्यापटप रु.१९३२०० को खरिद गरेकोमा सम्बन्धित विद्यालयले जिन्सी दाखिला नगरेकोले विद्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु.

| विद्यालयकोनाम | ल्यापटप वटा | मूल्य |
|---|---|---|
| महारुद्र आ.वि १ | १ | ४८३०० |
| कालिका आ.वि १ | १ | ४८३०० |
| महाभारत आ.वि १ | १ | ४८३०० |
| महाँकाली आ.वि १ | १ | ४८३०० |
| जम्मा | | १९३२०० |

| प्रमाण पेश नगरेको | १,९३,२०० |
|---|---|

५५ **उत्पादनमा आधारित कृषि अनुदान -**

५५.१ शितगंगा नगरपालिकाको कृषि पशु अनुदान वितरण कार्विधि तथा कृषि अनुदान वितरण कार्यविधि वमोजिम कृषकले उत्पादन गरेको कृषि उपज.खसी बोका उत्पादन, कुखररा उत्पादन ,दुग्ध उत्पादन,केरा, कागती र तरकारी उत्पादनको आधारमा दिने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष कृषकले उत्पादन गरेको कृषि उपज.खसी बोका उत्पादन, कुखररा उत्पादन ,दुग्ध उत्पादन,केरा, कागती र

तरकारी उत्पादनको कार्यविधिले तोकेबमोजिमको कृषक तथा शहकारी संस्थालाई रु.१११२५२७१ खर्च गरेकोमा निम्न व्यहोरा देखिएका छन।

| सैद्धान्तिक बेरुजु |
|---|

५५.२ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई बजेट छलफल गरी आषाढ मसान्त भित्र सभाबाट पारित गराउनु पर्ने व्यवस्था रहेको छ। उत्पादनमा आधारित कृषि अनुदान उपलव्ध गराउन रु ९० लाख बजेट विनियोजन भएकोमा रु.१११२५२७१ अनुदान खर्च गरेको छ । बिनीयोजन भन्दा रु.२१२५२७१ बढी खर्च गरेको रकम गत वर्षको मौज्दातबाट भुक्तानी दिन कार्यपालिकाबाट २०७९ /८/१६ मा निर्णय भई नगर सभाबाट पारीत गरेको पाइयो।

| सैद्धान्तिक बेरुजु |
|---|

५५.३ कार्यविधि अनुसार शहकारी संस्थालाई पेश्की दिने प्रावधान नभएकोमा पेश्की दिई वर्षान्तको अन्तिममा फस्यौट गर्ने गरेको पाइयो।

| सैद्धान्तिक बेरुजु |
|---|

५५.४ कार्यविधि बमोजिम अनुदान लिदाँ तोकीएका मापदण्डको पालना भएको पाइएन।

सहकारीले कृषकलाई अनुदाको रकम भुक्तानी गर्दा बैङ्क मार्फत भुक्तानी गर्नुपर्नेमा नगदै भरपाई गरी भुक्तानी गरेको पाईयो।

पालिकाबाट शहकारी तथा कृषकले उत्पादन गरेको कृषि उपज.खसी बोका उत्पादन, कुखररा उत्पादन ,दुग्ध उत्पादन,केरा, कागती र तरकारी उत्पादनको प्रभावकारी अनुगमन गरेको छैन।

| सैद्धान्तिक बेरुजु |
|---|

## ५६ दिर्घरोगी भत्ताः

५६.१ मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गराइरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०७८ बुदा ४ मा नेपाल सरकारले तोकेको मासिक पाँच हजार रुपियाँको दरले त्रैमासिक रुपमा महिनाको अन्तिम दिन स्थानीय तहले लाभग्राहीको बैङ्क खातामा जम्मा गर्ने उल्लेख छ । पालिकाले यस वर्ष ३६ जना विरामीलाई कार्यविधिले तोके बमोजिम उपचार बापत रु.७९४७८८ खर्च गरेको सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छ।

| सैद्धान्तिक बेरुजु |
|---|

५६.२ कार्यविधिमा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण स्वामित्वमा भएको संस्था वा संगठन बाट रोजगारी/ निवितृभरण वा विदेशी सरकारबाट रोजगारी पेन्सन प्राप्त गरिरहेको व्यक्तिलाई यस निर्देशिका बमोजिम मासिक वृत्ति उपलब्ध नगराउने उल्लेख भएकोमा

मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गराइरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका लाभग्राही विरामीले रोजगारी पेन्सन प्राप्त गरे नगरेको प्रमाण संलग्न गरेको देखिएन ।

कार्यविधिको बुदाँ ५मा मन्त्रालयले स्थानिय तहबाट अनूसूची ३ अनुसारको ढाँचामा भुक्तानी भएको रकमको विवरण पेश गरेको आधारमा अर्धवार्षिक रुपमा शोधभर्ना गर्ने व्यवस्था रहेकोमा लेखापरीक्षण अवधिसम्म शोधभर्ना गरेको नदेखिएकोले कार्यविधिवमोजिम शोधभर्ना गर्नुपर्दछ।

बुदाँ १०मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामवली स्थानीय तहका कार्यालय, सम्बन्धित कार्यालय र वेभसाइमा सार्वजनिक गर्नुपर्नेमा गरेको नपाइएकोले कार्यविधि बमोजिम कार्य गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

५७ **विद्युतीकरण खर्च -** सवै नागरीकहरुलाई विद्युत सेवा उपलव्ध गराउने दायित्व नेपाल बिद्युत प्राधिकरणको हो । बिद्युत सेवा प्रदान गरे वापत ग्राहकहरुवाट प्राधिकरणले सेवा शुल्क लिने गर्दछ । त्यस्तै टेलिफोन तथा केवल सेवा प्रदायकहरुले बिद्युत प्राधिकरणको पोल उपयोग गरेवापत सेवा शुल्क लिने समेत गर्दछ । विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्रको विद्युतीकरण कार्य सम्बन्धित निकायले नगरी सो कार्यमा पालिकाले विद्युत कामको लागि यस वर्ष रु.२७७८५०।— खर्च गरेको छ । विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्र कार्यालयले लगानी गरेकोमा नागरिकले सेवा उपयोगमा कुनै छुट तथा थप सुविधा प्राप्त गरेको छैन भने कार्यालयले रोयल्टी तथा अनुदान प्राप्त गरेको छैन । अतः अन्य निकायको जिम्मेवारी रहेको क्षेत्रमा पालिकाले बजेट विनियोजन गरि कार्यान्वयन गर्नु अगावै सम्बन्धित निकायसँग समन्वय गरी खर्च गर्ने तथा प्राप्त हुने लाभको यकिन गरेर मात्रै खर्च गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

सैद्धान्तिक बेरुजु

५८ **नाफामुलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिँदैन । यो वर्ष देहायअनुसारका ७ नाफामूलक संस्थालाई भवन निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु..

| अनुदान प्राप्त गर्ने संस्था | अनुदान व्यहोरा | अनुदान रु. |
|---|---|---|
| शिगगंगा कृषि पशु विकास महिला शहकारी लि ८ | भवन निमाण | ४९६७०० |
| साझा फुलबारी कृषि शहकारी अधुरो भवन निर्माण ५ | अधुरो भवन निर्माण | ९७९००० |
| शुभलक्ष्मी महिला बचत तथा ऋण शहकारी संस्था | भवन मर्मत | ९९८०० |
| मगराकोट कृषि तथा पशु विकास महिला शहकारी लि | भवन निर्माण | ४४७००० |
| जुलुकै कृषि तथा पशु विकास महिला शहकारी लि | भवन निर्माण | २७९१०० |
| सिद्धारा सहकारी अधुरो भवन निर्माण | अधुरो भवन निर्माण | २४१९५५ |
| देउराली शहकारी भवन निर्माण | भवन निर्माण | १००००० |

| जम्मा | | २६४३५५५ |
|---|---|---|

| अनियमित भएको | २६,४३,५५५ |
|---|---|

५९ **क्याम्पसलाई अनुदान -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिकामा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक बिद्यालय तहसम्म तलव तथा अन्य बिद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ ।सो विपरित ज्योती भविश्वर बहुमुखी क्याम्पसलाई रु. ९,७७,००० अनुदान दिएको छ ।भर्ना, मासिक शुल्क लगायत बिभिन्न शुल्क उठाउने गरेको क्याम्पसले बिश्वबिद्यालयबाट अनुदान तथा प्रदेश सरकारवाट समेत अनुदान पाउने गरेकोमा पालिकाको कार्यक्षेत्र बाहिर गई क्याम्सलाई अनुदान दिएको उचित देखिएन।

| सैद्धान्तिक बेरुजु |
|---|

६० **१२ कक्षासम्म निशुल्क व्यवस्थापन कार्यक्रम -** शितगंगा नगरपालिको माध्यमिक तह कक्षा ११ र १२ निशुल्क शिक्षा सम्बन्धी कार्यविधि २०७९बुदाँ १०मा प्रत्येक बर्ष विद्यालयले सामाजिक लेखापरीक्षण सगै नगरपालिकाबाट प्राप्त हुने अनुदानको लेखापरीक्षण विद्यालयले तोकिएको लेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ। साथै लेखापरीक्षण नगराउने विद्यालयको अनुदान रोक्का हुने व्यवस्था भएकोमा निम्न विद्यालयहरुलाई अनुदान उपलब्ध गराएकोमा कार्यविधि वमोजिमको लेखा परीक्षण प्रतिवेदन पेस नगरेकोले उक्त अनुदान रकमको लेखापरीक्षण प्रतिवेदन पेस हुनुपर्दछ।

| सि.न | विद्यालयको नाम | अनुदान रकम |
|---|---|---|
| १ | श्री सरस्वती मा.वि २ | ८००००० |
| २ | ज्योती मा.वि ४ | ४००००० |
| ३ | सुधा मा.वि ५ | ४००००० |
| ४ | जनजागृति मा.वि १० | ४००००० |
| | **जम्मा** | **२००००००** |

| सैद्धान्तिक बेरुजु |
|---|

६१ **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था छ पालिकाले अनलाइन भवन निर्माण स्वीकृत/ नक्शापास प्रणाली एडन इन्जिनियरिङ्ग सोलुसनबाट सफ्टवेर रु. ३९५५०० खरिद गरेकोमा खरिद भएको सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन उक्त सप्टवेयर सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिनुपर्दछ।साथै उक्त सफ्टवेर प्रयोगमा समेत नआएकोले स्वीकृत गरी प्रयोगमा ल्याउनु सपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

६२ **मूल्य अभिवृद्धि कर कट्टी -** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकालेले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.६८४९४ कट्टी गरी राजस्व दाखिला गरेको नदेखिएकोले उक्त मु अ कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| ११०/२०७९/८/१९ | आईडिया डिजाईन एण्ड सप्लार्यस | ३०४८९८५१४ | ९९४३०३ | ११४३८९ | ३४११६ |
| ८०७/२०८०/३/२४ | चन्द्रा रिसर्च कन्सलटेन्सी प्रा.लि | ६०६८४६६२० | ९९६००० | ११४५९५ | ३४३७८ |

| प्रमाण पेश नगरेको | ६८,४९४ |
|---|---|

६३ **मुख्यमन्त्री शैक्षिक कार्यक्रमः**

६३.१ मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम (संचालन) कार्यविधि २०७८ को बुदा १२(१२) मा आफ्नो स्थानीय तहमा संचालित कार्यक्रमहरुको निरन्तर अनुगमन र मूल्याङ्कन गरी स्थानीय तहले जिल्ला अनुगमन समिति रसमन्वय ईकाइमा प्रतिवेदन दिनुपर्ने व्यवस्था छ।बुदा१७(३) मा कार्यक्रम संचालन गर्ने स्थानीय तहले संचालन गर्ने योजना / परियोजना बारेमा सरोकारवालाहरुबीच जानकारी गराउने, लेखाजोखा गर्ने तथा मूल्याङ्कन गराउने उदेश्यका साथ तेश्रो चौमासिक अवधिभित्र सार्वजनिक परीक्षण गराउनुपर्ने व्यवस्था भएकोमा पालिकाबाट संचालित रु.६६१३२५६ रकमका कार्यक्रमहरुको कार्यविधिबमोजिम निरन्तर अनुगमन र मूल्याङ्कन गरी स्थानीय तहले जिल्ला अनुगमन समिति र समन्वय ईकाइमा प्रतिवेदन गरेको पाइएन साथै सरोकारवालाहरुबीच जानकारी गराउने, लेखाजोखा गर्ने तथा मूल्याङ्कन गराउने उदेश्यका साथ तेश्रो चौमासिक अवधिभित्र सार्वजनिक परीक्षण गराएको समेत पाइएन । कार्यविधिले तोकेअनुसारको कार्य गरी अनुगमन र सामाजिक परीक्षण गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

६३.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ (१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालासामान सात दिनभित्र यथास्थानमा दाखिला गरी खडा गर्नुपर्ने व्यवस्था छ।कार्यक्रम अन्तर्गत छनौट भएका १० विद्यालयलाई डेस्कटप र प्रिन्टरुसहित रु.९९५४१ को खरिद गरेकोमा ९ विद्यालयले जिन्सी दाखिला मात्र देखाएकोमा जिन्सी खातामा आम्दानी गरेको प्रमाण राखेको पाइएन। खरिद गरिएका १० मध्ये १ थान पालिकाको शिक्षा शाखामा रहेको पाइयो। कार्यक्रम स्वीकृत हुदा विद्यायलाई वितरण गर्ने भनिएकोमा वितरण नगरी राख्नु उचित देखिएन।

| सैद्धान्तिक बेरुजु |
|---|

६४ **फुसको छाना विस्थापन कार्यक्रम -** शितगंगा नगरपालिकाको सुरक्षित नागरिक आवास कार्यक्रम संचालन कार्यविधि २०७८ को बुदा ५(क)मा सुरक्षित नागरिक आवास कार्यक्रमबाट अनुदान प्राप्त गर्न इच्छूक र मापदण्ड पुगेका सेवाग्राहीबाट अनूसूची ३ बमोजिमको

ढाँचामा वडामा आवेदन दिनसक्ने गरी १५ दिनको सूचना जारी गर्नुपर्ने (ख) बमोजिमका सुचकहरुबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने घरपरिवार पहिलो प्राथमिकतामा राखि लक्षित घरपरिवार सिफारिस गरि अन्तिम नामावली यकिन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा सेवाग्राही छनौट गर्दा उल्लेखित प्रक्रिया पुरा गरेको पाइएन। क्रमागत रुपमा रहेको यस कार्यक्रमलाई पालिकाले बजेट विनियोजन गरी (प्रथम किस्ता बापत २० हजार दोस्रो किस्ताबापत कार्यसम्पन्न भएको आधारमा थप २० हजार कार्यविधि अनुसार) यसबर्ष निम्नअनुसार खर्च गरेको छ।

| सि.न | विवरण | रकम | लाभग्राही संख्या |
|---|---|---|---|
| १ | पहिलो किस्ता | ७८०००० | ३९ |
| २ | दोस्रो किस्ता | २३२०००० | ११६ |

| सैद्धान्तिक बेरुजु |
|---|

६५ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ देखि एकमुष्ट अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.४००००० तलब भत्ता भुक्तनी गरेको देखिएकोले उक्त खर्च नियम संगत नदेखिएको रु.

| अनियमित भएको | ४,००,००० |
|---|---|

६६ **दिगो वन व्यवस्थापन -** समृद्धिका लागि वन कार्यक्रम अन्तर्गत यो वर्ष शितगंगा नगरपालिकामा रु ३७००००० वजेट विनियोजन भएकोमा उक्त कार्यक्रम अन्तर्गत संस्थागत सुदृढीकरण तथा क्षमता अभिवृद्धि शिर्षकमा रु १२५१४६५ र आयोजना अनुगमन मूल्याङ्कन एवं शुसासनमा रु ८८००० समेत जम्मा रु १३३९४५९ खर्च भएको छ । उक्त कार्यक्रम अन्तर्गत दिगो वन व्यवस्थापन र वृक्षारोपण कार्यक्रम संचालन भएको देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

६७ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १४० जनालाई रोजगारी उपलव्ध गराई

रु. ८७८१६२९ खर्च गरेको छ । लक्षित वर्गलाई ९६ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

सैद्धान्तिक बेरुजु

६८ **सुरक्षित नागरिक आवास** -सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत पालिकाका सबै वडाका ४७ जना लाभग्राहीहरुलाई पहिलो किस्ता रु ४०००० का दरले रु १८८०००० भुक्तानी भएको छ ।उक्त रकमबाट सम्वन्धित लाभग्राहीले निर्माण कार्य सम्पन्न गरेको प्राविधिकबाट नाप जाँच गरि नापि र कार्यसम्पन्न गरी भुक्तानी भएको रकमको सुनिश्चता हनुपर्दछ।

| वडा नं | संख्या | रकम |
|---|---|---|
| वडा नं १ | २ | ८०००० |
| वडा नं २ | ३ | १२०००० |
| वडा नं ३ | ३ | १२०००० |
| वडा नं ४ | २ | ८०००० |
| वडा नं ५ | ४ | १६०००० |
| वडा नं ६ | ५ | २००००० |
| वडा नं ७ | ४ | १६०००० |
| वडा नं ८ | ३ | १२०००० |
| वडा नं ९ | ६ | २४०००० |
| वडा नं १० | ३ | १२०००० |
| वडा नं ११ | ३ | १२०००० |
| वडा नं १२ | ३ | १२०००० |
| वडा नं १३ | ३ | १२०००० |
| वडा नं १४ | ३ | १२०००० |
| जम्मा | ४७ | १८८०००० |

सैद्धान्तिक बेरुजु

६९ **समाजिक सुरक्षातर्फ -**

६९.१ सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतिय प्रणालीवाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७, को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ। सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

| सैद्धान्तिक बेरुजु |
|---|

६९.२ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

६९.३ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन। कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ ।

कार्यविधिको अनुसूची ७ को बुँदा नम्वर ७ मा बैंक तथा वित्तीय संस्थाले सामाजिक सुरक्षा विशेष बचत खाताहरु मध्ये निष्कृय (डोरम्यान्ट) खाताको विवरण प्रत्येक वर्षको श्रावण र माघ महिनाभित्र केन्द्रीय पञ्जिकरण विभाग तथा कार्यालयलाई दिनुपर्ने उल्लेख छ । कार्यालयबाट विवरण माग भएतापनि बैंकबाट सो विवरण प्राप्त भएको पाइएन । कार्यालयले निष्कृय खाताको विवरण यथासिघ्र यकिन गरी रकम बाँकी भए संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६९.४ कार्यविधिको बुँदा नं. २८ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्दछ। साथै बुँदा नं. ३५ अनुसार वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन । साथै निर्देशिका अनुरुप समिति गठन गरी अनुगमन गरेको समेत पाइएन । तसर्थ कार्यविधिको पालनामा ध्यान पुर्याउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७० **स्यानिटरी प्याड** -पालिकाले रु विभिन्न गोश्वरा भौचरबाट रु १९९८०६७ को २२०३४ थान स्यानिटरि प्याड खरिद गरेको सम्वन्धमा देखिएको व्यहोरा निम्न अनुसार छ ।

सावर्जनिक खरिद ऐन, २०६४ अनुसार रु १० लाख रुपैया सम्मको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ । सो भन्दा वढी मूल्यको मालसामान खरिद गर्दा सिलवन्दी दरभाउपत्र को प्रकृया वमोजिम खरिद गर्नुपर्नेमा पालिकाले खरिद प्रतिस्प्रधा सिमित गरी रु १९९८०६७ को स्यानिटरी प्याड सोझै खरिद गरेको छ ।

पालिकाले यस वर्ष सशर्त अनुदान अन्तर्गत सामुदायिक बिद्यालयका कक्षा ६-१० सम्मका छात्राहरुलाई निशुल्क स्यानेटरी प्याड वितरणका लागि गो.भौ. १००,२२६ वाट २२०३४ थान प्याकेट सेनीटरी प्याड रु १९९८०६७ मा खरिद गरेको छ। सेनीटरी प्याड बितरण तथा व्यबस्थापन कार्यबिधि, २०७६ मा खरिद गर्नुपर्ने स्यानिटरी प्याडको साईज तथा गुणस्तर तोकिएकोमा पालिकाले खरिद गरेको स्यानिटरी प्याड तोकिएको गुणस्तर बमोजिम प्राप्त भएको भनी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राखेको देखिएन। लेखापरीक्षणको अवधिसम्म ११११०९ थान सेनेटरी प्याड कार्यालयमा मौज्दात रहेको देखिन्छ । कार्यविधिको परिच्छेद ३ बमोजिम बिद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने र स्थानीय तहले प्रत्येक बिद्यालयलाई उपलब्ध गराएको सेनिटरीप्याडको अभिलेख अलग अलग रुपमा राख्नु पर्ने साथै बिद्यालयले उपलब्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यबस्थित रुपले राख्नु पर्ने व्यबस्था छ। त्यसैगरी उक्त कार्यविधिको बुदा नं.६ अनुसार विद्यालयले छात्राहरुलाई सेनिटरी प्याड वितरण गरेको विवरण छात्राहरुको नाम, नामेसी स्पष्ट खुल्ने गरी भर्पाई अभिलेख अद्यावधिक गर्नुपर्नेमासम्बन्धित विद्यालयका विद्यार्थीहरुले बुझिलिएको भर्पाई पेश भएको छैन। अतः विद्यालयलाई पठाएको स्यानिटरी प्याडको सम्बन्धमा सम्बन्धित छात्राहरुले प्राप्त गरेको नामनामेसी सहितको अभिलेख पेश गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

७१ **शिक्षक दरवन्दी** - शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १०९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ती | पदपूर्तीमध्येकरार | विद्यार्थी सं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | पालिका भित्रका १०१ विद्यालय | ४४४ | ४४० | १६४ | १०१०० | |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । पालिकाले शिक्षक विद्यार्थी अनुपातको आधारमा दरवन्दी मिलान गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७२ **शैक्षिक गुणस्तर** - राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तर युक्त वनाउन स्थनिय तहवाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुगमन मूल्याङ्कन तयार गरेको

छैन । तसर्थ पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्दछ ।

| | |
|---|---|
| सैद्धान्तिक बेरुजु | |

७३ **कक्षा ८ परिक्षा -**कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार कक्षा ८ परीक्षा संचालनका लागि प्रति विद्यार्थी रु २७५ का दरले खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाले कक्षा ८ परिक्षा संचालनका लागि इ आइ एम एस रिर्पोट अनुसार जम्मा विद्यार्थी संख्या ८०८ को प्रति विद्यार्थि संख्या रु २७५ का दरले जम्मा रु २२२२०० खर्च गर्नुपर्नेमा रु २२६०५० खर्च गरेकोले वढी खर्च रकम रु ३८५० असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८५० |

७४ **वढी निकासा -** पालिका अन्तर्गतका विद्यालयबाट अन्यत्र सरुवा भै गएका शिक्षकको रमाना भै गएको मितिबाट तलव खर्च लेख्न मिल्ने देखिंदैन। शितगंगा नगरपालिकाको २०७९।११।२३।को रमाना पत्र अनुसार महेन्द्र मावि का शिक्षक धनिश्वर पाण्डे मालारानि गाउपालिको सरस्वती मावि मा सरुवा भई गएको र सरुवा पत्रमा २०७९ पौष सम्मको तलव भत्ता भुक्तानी भएको उल्लेख गरेकोमा पालिकाले निज शिक्षकलाई फागुन सम्मको तलव भत्ता भुक्तानी गरेको छ। साथै मालारानि गाउपालिका वाट समेत पौष पछीको तलव भत्ता निकासा गरेको देखिएकोले निज शिक्षकलाई सरुवा पछि (पौष माघ फागुन) निकासा भएको रकम रु ८६२२० असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८६,२२० |

७५ **दिवा खाजा - ४४,९२,११९,१८६** कार्यक्रम कार्यान्वयन पुस्तकिका २०७९/८० अनुसार सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखी ६ कक्षा सम्म अध्ययनरत वाल वालिकाहरुका लागि दिवा खाजा प्रति विद्यार्थि रु १५ का दरले १८० दिनका लागि विद्यार्थी हाजिरका आधारमा खातामा निकासा गरेको छ । पालिकाले यो वर्ष दिवा खाजाका लागि जम्मा ११० विद्यालयलाई रु १६७४०५५६ निकासा दिएकोमा सम्वन्धित विद्यालयहरुले खाजा खुवाएको वा रकम वितरण गरेको विवरण पेश भएन । दिवा खाजा रकम सम्वन्धमा पालिकाले अनुगमन गरेको अनुगमन प्रतिवेदन लेखापरीक्षणको समयमा पेश गरेको छैन । पालिकाले अनुगमन गरी वालवालिकाले खाजा खाएको सुनिस्चितता गर्नुपर्दछ ।

| | |
|---|---|
| सैद्धान्तिक बेरुजु | |

७६ **सामुदायिक सेवा केन्द्र -** ८०।०८०।१२।२९ आधारभुत तह संचालित विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण गर्न निकासा दिनुपर्ने रकम देहायका सामुदायिक सिकाई केन्द्र समेतलाई भुक्तानी भएको देखिएकोले उक्त रकम सम्वन्धित संस्थाबाट असुल गर्नुपर्ने रु

| **सि नं** | **सामुदायिक सिकाई केन्द्र** | **रकम** |
|---|---|---|
| १ | सितापुर सिकाई केन्द्र | १०००० |
| २ | जागृति सिकाई केन्द्र | १०००० |
| **जम्मा** | २०००० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

७७ **पोषाक खर्च -** शिक्षकलाई चैत्रको तलव भत्ता भुक्तानी गर्दा रु १०००० पोषाक खर्च रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले फाल्गुन २५ गते अवकाश प्राप्त शिक्षक मोतिराम घिमिरेलाई अवकास पछि पोषाक खर्च भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

७८ **विद्यालय भवन -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा दिएको निर्देशन अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु १ करोड ५० लाख निकासा भएको छ । तर पालिकाले विद्यालय भवनको झ्याल ढोका विनाको अपुरो लागत अनुमान तयार गरी झ्याल ढोका विनाको अपुरो भवनको इष्टिमेट अनुसारको कार्य स्वीकार प्रतिवेदन तयार गरेको छ । विद्यालय भवन अपुरो भएकोले कक्षा कोठामा पठन पाठन संचालन भएको छैन । तोकिएको मापदण्ड अनुसारको लागत अनुमान तयार गरि कार्य स्विकार गर्ने प्राविधिकलाई जिम्मेवार वनाई पालिकाले विद्यालय भवनको कार्य सम्पन्न गरी कक्षा संचालन गर्न योग्य वनाउनु पर्दछ।

| **क सं** | **विद्यालयको नाम** | **निकासा प्रयोजन** | **निकासा रु.** |
|---|---|---|---|
| १ | सुधा मावि सिनपा | भवन निर्माण | ५०००००० |
| २ | रिकोट मावि सिनपा | भवन निर्माण | ५०००००० |
| ३ | गंगा आवि सिनपा | भवन निर्माण | २५००००० |
| ४ | निलकण्ठ आवि सिनपा | भवन निर्माण | २५००००० |
| **जम्मा** | | **१५००००००** | |

सैद्धान्तिक बेरुजु

७९ **विद्यालयगत निकासा रजिस्टर्ड -** कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ। कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन। जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

८० **भर्पाई पेश नभएको -** २०८०।१०।६ सुत्केरी अवस्थामा आमा तथा नवजात शिसुको जाच गरी जटिलताका अवस्थाहरु सपयमा नै पहिचान व्यवस्थापन तथा प्रेषण गरी मातृ तथा शिसु मृत्यु कम गर्नुका लागि वर्थिङ्ग सेन्टरमा कार्य गर्ने गरि नियुक्त गरीएका नर्सिङ्ग स्टाफहरुले घरभेट गर्न जादा दुरी र भौगोलिक विकटता हेरी यातायात खर्च उपलव्ध गराउने व्यवस्था छ । पालिकाले यातायात खर्च बापत निम्नानुसार स्वास्थ्य चौकीमा पठाएको रकम सम्वन्धित रकम वुझेको प्रमाण पेश नभएको रु

| सि नं | स्वास्थ्य चौकीको नाम | रकम |
|---|---|---|
| १ | सुर्वणखाल स्वास्थ्य चौकी | ५६०० |
| २ | सितापुर स्वास्थ्य चौकी | १४००० |
| ३ | प्रथमिक स्वास्थ्य केन्द्र ठाडा | ७००० |
| ४ | जुकेना स्वास्थ्य चौकी | १४७०० |
| ५ | जलुके स्वास्थ्य चौकी | ७३५० |
| ६ | सिद्वारा स्वास्थ्य चौकी | ८०५० |
| ७ | सिमलपानी स्वास्थ्य चौकी | ८४०० |
| **जम्मा** | **६५१००** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६५,१०० |

८१ **औषधी खरिद**

८१.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहले समुन्द्र मेडीको संग ठेक्काबाट रु. २३१५११८ र उक्त प्रक्रियावेगर रु. १४४४८६ औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८१.२ खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८२ **न्यानो झोला -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानो झोला खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ७ बर्थिङ सेन्टरमा गत वर्ष मौज्दात २०० थान र यस वर्ष ४४५ थान न्यानो झोला खरिद गरी रु. ३९९७६५ भुक्तानी गरेकोमा गत वर्ष २०२ जना र यस वर्ष १७७ गरी ३७९ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका १८० थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८३ **उद्यम विकास कार्यक्रम**

८३.१ ६६।०७९।११।१९ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले नगेन्द्र प्रसाद नेपाललाई डलकुशन वनाउने तालिम संचालनको रु ९३६५५ भुक्तानी गरेकोमा रु ८६६१० को मात्र बिल भरपाई पेश गरेकोले विल भर्पाई भन्दा बढी भुक्तानी गरेको रु ७०४१ असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ७,०४१ |
|---|---|

८३.२ गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ नियम ३९अनुसार तालिमवाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधिमै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागिलाई विक्री गर्न सकिने र विक्री वाट प्राप्त रकम राजश्व आम्दानी गर्नुपर्ने र विक्री नभएका सामान स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले गुडिया वनाउने तालिम, सिलाई कटाइ तालिम र ढाका वुन्ने तालिम संचालन गरेकोमा तालिमवाट उत्पादित मालसामानको जिन्सी अभिलेख तयार गरेको देखिएन । साथै उत्पादित सामान विक्रि गरि राजश्व आम्दानी गरेको तथा विक्रि नभएका सामान भण्डार

दाखिला गरेको देखिएन । लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ नियम ४१ अनुसार प्रविधी हस्तान्तरण गर्दा लाभग्राही को साझेदारी रकम र उत्पादित सामान विक्री गरी रु ६२८०० राजश्व आम्दानी रकम गरेको रकम संघीय संचित कोष दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६२,८०० |

## ८४ कृषि कार्यक्रम

८४.१ सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा सार्वजनिक निकायले खरिद कार्य अधिक प्रतिस्पर्धात्मक विधिवाट गर्नुपर्ने हुन्छ। कृषितर्फका कार्यक्रमहरुमा सुचनामा उल्लेखित लाभग्राहीहरुलाई छुट्टा छुट्टै समान खरिद गर्नु भन्दा एकमुष्ट रुपमा प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्ने तर्फ ध्यान जानुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८४.२ लागत साझेदारी कुनै पनि कार्यक्रममा रकम विनियोजन गर्दा लाभ लागत अनुपात हेरी सो कार्यक्रमको नर्म्स अनुसार संचालन गर्नुपर्ने हुन्छ । त्यस्तै कम भन्दा कम लागतमा अधिकतम प्रतिफल प्राप्त गर्ने र लाभग्राहीको समेत स्वामित्व ग्रहण गर्ने गरी कार्यक्रमको निर्धारण र संचालन गरेमा यस्ले दिर्घकालीन प्रतिफल दिने भएकोले सोही अनुसार कार्यक्रमको निर्धारण र संचालन गर्नुपर्दछ । तर पालिकाले कृषि कार्यक्रम लाभग्राहीहरुको योगदानमा आधारित सञ्चालन गरे तापनि लाभग्राहीको नगद लागत सहभागिता नभएकोले वास्तविक रुपमा कृषकको योगदान भएको भन्न सक्ने अवस्था रहेन । तसर्थ आगामी दिनमा यस्ता कार्यक्रम सञ्चालन गर्दा नगद लागत सहभागिता अनिवार्य गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८५ **चेनेज नखुलाएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा सार्वजनिक निकायले खरिदको लागत अनुमान तयार गर्दा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुनसक्ने वा काम पिच्छे छुट्टै सम्झौता गर्नुपर्ने तर्फ समेत ध्यान दिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न वडामा सडक निर्माण र मर्मत सम्बन्धी कार्य गर्दा वडा अन्तर्गतका विभिन्न सडक मर्मत भनि धेरै सडकहरु निर्माण र मर्मत कार्यको एकमुष्ठ भुक्तानी गरेको देखियो । निर्माण गरिने सडकको मूल लागत अनुमान तयार गरी उपलव्ध बजेट र समयको आधारमा चेनेज खुलाई फरक फरक खण्डको नाम दिई खरिद विधि छनौट गर्नुपर्नेमा एउटै नापि कितावमा विभिन्न सडकको चेनेज समेत नखुलाई निर्माण र मर्मत गर्दा सोको रेकर्ड अद्यावधिक नभई कार्यमा दोहोरोपना हुनजाने देखिन्छ । पालिकाले निर्माण र मर्मत गरेका सडकहरु सबैको चेनेज शुन्यबाट शुरु गरेको अवस्थामा निर्माणका कार्यहरु फरक फरक खण्डका सडकहरु हुन वा एउटै खण्डका बैकल्पिक सडकहरु हुन् खुल्न आएन । यसरी एउटै खण्डमा दुई वा सो भन्दा बढी निर्माण कार्यका सम्झौताहरु हुन वा एउटै खण्डको सडकमा दोहोरो भुक्तानी भएका हुन् एकिन गर्न नसकिएकोले निर्माण योजनाहरु फरक फरक निर्माण कार्य भएको प्रमाणित गराई चेनेज खुलाई अभिलेख व्यवस्थित राख्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८६ **फरक दरमा भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा रनिङ बिल तथा विजकको भुक्तानी गनुपर्ने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा नं. ५१ अनुसार जिम्मेवार व्यक्तिले ऐन बमोजिमको रित पुऱ्याई लेखा अद्यावधिक रुपमा राखुपर्ने दिनुपर्ने व्यवस्था छ ।उपभोक्ता समितिबाट सम्पादित निम्नानुसार निर्माण कार्यको लागत दर विश्लेषमा राखेको दरभन्दा बढी दरमा भुक्तानी भएको साथै दर विश्लेषमा समावेस भएको सामान नल्याई अन्य सामग्री प्रयोग गरी बढी भुक्तानी गरेकोले बढी भुक्तानी रकम असुल उपर गर्नु पर्ने

| गो.भौ.न/मिति | उपभोक्ता समितिको नाम | कार्य | परिमाण | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ६/२०८०/१/३ प्रदेश पूजिगत | दोबाटा चावेनेटा तापदिप मोटरबाटो निर्माण तथा स्तरोन्नती उ.स. - शि.न.पा. ११ | कनक्रीट कार्य १:३:६ | ४.६६m3 | ५१९७२ | ४३१८६ | ८७८६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,७८६ |

८७ **पाइप र जाली खर्च -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी खरिद गर्दा तोकिए बमोजिमको खरिदको वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। खरिद योजना तयार गर्दा खरिदको आवश्यकताको पहिचान गरी बनाउनुपर्दछ। पालिकाले खरिद योजना तयार तथा खरिदको आवश्यकताको पहिचान नगरी नगरी ठेक्का मार्फत विभिन्न साईजको ७३४५० मिटर पाइप रु. ४६४८६३९ मू.अ कर सहित र ग्याविन जाली ८१० थान रु.२१४८४१२ गरी कुल रु.६७९७०५१ को खरिद भएकोमा कार्यपालिकाको मिति २०८०/१/११ को निर्णयअनुसार नगरपालिकाबाट विभिन्न खानेपानी सिंचाई योजना मर्मत र दैविप्रकोप अन्तर्गत ग्याविन जाली खरिद भएकोमा उक्त खरिद भएको मध्ये प्रत्येक वडालाई (१४ वडा) विभिन्न साइजको पाईप १५०० मिटरका दरले र जाली प्रति वडा ३० थानका दरले रु.२४४२७२० रकम बरावरको वितरण गरेको छ । वडा कार्यालयहरुलाई वितरण गरेको पाईप तथा जाली कहाँ कति कुन योजनामा कति प्रयोग भएको तथा के कति जडान भएको भनी प्राविधिक मूल्याङ्कन समेत नगराई खर्च लेखेकोले प्रमाण पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,४२,७२० |

८८ **कुडुले देखि थानगैरा सडक स्तरोन्नती -** कार्यालयले कुडुले देखि थानगौरा सडक स्तरोनती गर्नका लागी रु.४८४९६६३.८५ को लागत अनुमान तयार गरी बोलपत्रमार्फत ठेक्का आहान गरी धर्मराज निर्माण सेवासँग रु. ३२२०६५५.४७ मु.अकर सहित सम्झौता गरी रु ३०४९००० भुक्तानी गरेकोमा देखिएका व्यहोरा निम्न छन।

क अर्थमन्त्रालयको मिति २०७९/७/१५ को परिपत्र अनुसार कुडुले देखि थानगैरा सडक स्तरोन्नति योजना प्रदेश तथा स्थानीय तहको समन्वयमा सम्बन्धित संघीय आयोजनाबाटै कार्यान्वयन गर्ने गरी संघीय कार्यक्रम/ आयोजनाहरुमा समावेश गर्ने गरी निर्णय भएको हुदा उक्त कार्यक्रम /आयोजनाहरु प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन नगर्नु/ नगराउनु उल्लेख भएकोमा पालिकाले सो सडक स्तरोन्नती कार्यको लागि वोलपत्रको माध्यमबाट निर्माण व्यवसायी धर्मराज निर्माण सेवासंग मिति २०७९/८/८ मा सम्झौता गरी निर्माण कार्य गराएको देखियो । साथै कार्यपालिकाको मिति २०७९/९/२६ को निर्णयअनुसार उक्त सडक स्तरोन्नती गर्ने कार्य रोकी निर्माण व्यवसायिले सम्पन्न गरेको कामको प्राविधिक नापजाँच गरि नगरपालिकाबाट भुक्तानी गर्ने निर्णय गरेको साथै मिति २०७९/१०/२९ अर्थ मन्त्रालयमा बजेट उपलब्ध गराउन माग गराएकोमा रकम उपलब्ध नभई मिति २०८०/२/४ मा खरको

छाना विस्थापन कार्यक्रम कार्यपालिकाबाट संसोधन गरी रु.३०४९००० खर्च लेखेको देखियो। यसरी अर्थ मन्त्रालयको परिपत्र विपरित पालिकाले संघिय योजनामा पालिकाको बजेटबाट खर्च लेखेको छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८९ निर्माण व्यवसायीबाट कार्य - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राखे र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ ।निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समितिसँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले उल्लिखित नियमको पालना गरी नियमित गर्नु पर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | ८७,०२,८०० |

(विस्तृत विवरण बेरूजु दफा ८९ सँग सम्बन्धित अनुसूची -३ मा संलग्न छ ।)

९० **ठुला कुलो कलवट निर्माण -** पालिकाकाको स्वीकृत कार्यक्रम अनुसार ठुलो कुलो कलवट निर्माण कार्यको लागी रु.१०५२३९० को लागत अनुमान स्वीकृत भई पालिकाबाट रु.१०००००० र समितिबाट रु. ५२३९० जनसहभागीता हुने गरी सम्झौता गरी प्राविधिक मूल्याङ्कन रु.१०५४६१५.५० र रु.९८००५७ करकट्टी बाहेक भुक्तानी भएकोमा पि.पि.सि १.२.३ (२,७५m3) र स्टोन मेसनरी कार्य (७३.३m3) को कार्यको लागी लागत दर विश्लेषमा आवश्यक पर्ने वालुवाको ढुवानी सहित रु.८४५४१ राखेकोमा उपभोक्ता समितिले सो बापतको बिल भरपाई पेस नगरेकोले साथै जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत् कार्य गराएकोले गुणस्तर भएको भनी आश्वस्त हुन नसकिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८४,५४१ |

९१ **रोयल्टी -** पालिकाको आर्थिक ऐन २०७९ अनुसार खानीजन्य श्रोत माटोको प्रतिक्यू फिट १ रुपैयाको दरले रोयल्टी लिने उल्लेख छ। रजिया उपभोक्ता समितिबाट नगस्तरीय अधुरो खेल मैदान निर्माण कार्य गर्दा १०१२४४ प्रतिक्यू फिट (२८६६.९१cm) माटोको कार्य गरेकोमा प्रतिक्यू फिट रु. १ ले हुने रोयल्टी रु.१०१२४४ पालिकामा असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,२४४ |

९२ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग

गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ७०/२०७९/१०/२६ नगर पूजिगत | शि/न/पा १० का सहायक मोटरबाटो मर्मत उ.स | मोटरबाटो मर्मत | ८३९१०० | जेसिबि. लोडर,ग्रेडर | ८३९१०० |
| ८५/२०७९/११/१४ नगर पूजिगत | चाक्ला जुकेना मोटरबाटो उ.स | मोटरबाटो मर्मत | ७९६२०० | जेसिबि. लोडर,ग्रेडर | ७९६२०० |
| १०९/२०७९/१२/०२ नगर पूजिगत | खयरभट्टी फोर्सल मुल बाके ढोडेनी पुल्दे दोबाटो वेलदमार चापदिप मोटरबाटो उ.स | मोटरबाटो मर्मत र निर्माण | ९००००० | जेसिबि. लोडर,ग्रेडर | ९००००० |
| १२२/२०७९/१२/०२ नगर पूजिगत | साविक १,२ मोटर बाटो मर्मत उ.स | मोटरबाटो मर्मत र | ५९७००० | जेसिबि. लोडर,ग्रेडर | ५९७००० |

सैद्धान्तिक बेरुजु

९३ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद (बाहौं सशोधन) नियमावलीको नियम ८५मा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष फनिर्चर तथा फिक्चर्स खरिद गर्दा एउटै प्याकेज बनाई प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा सोझै विधिबाट खरिद देखियो।पालिकाले एउटै प्याकेज बनाई प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ।

| गौ.भौ.न/मिति | विवरण | रकम |
|---|---|---|
| १३/२०७९/७/३० | फर्निचर खरिद | ७७०३६० |
| १८/२०७९/८/१९ | फर्निचर खरिद | ५१६४१० |
| २२/२०७९/८/१९ | फर्निचर खरिद | २०७१५१ |
| २४/२०७९/८/२५ | फर्निचर तथा फिक्चर्स | ३०८५२४ |
| ३७/२०७९/९/२४ | फर्निचर तथा फिक्चर्स | ५२१५१५ |

| | | |
|---|---|---|
| ५७/२०७९/१०/११ | फर्निचर तथा फिक्चर्स | ४९३४०० |
| ३५७/२०८०/३/०६ | फर्निचर तथा फिक्चर्स | ४१८६८२ |
| | जम्मा | ३२३६०४२ |

सैद्धान्तिक बेरुजु

९४ **जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ७५/२०७९/१०/२९ | पाडेगैरा खसर्का मोटरबाटो उ.स | आर सि.सि | ७५९९५२ |
| ७७/२०७९/१०/२९ | सामुदायिक भवन निर्माण उ.स | भवन निर्माण | ४८९९६६ |
| १७१/२०८९/१२/२३ | जनता आधारभुत विद्यालय अधुरो भवन निर्माण | भवन निर्माण | ९५२०८३ |
| २२६।०८०।१।२८ | पोखेडाडा सामुदायिक भवन | भवन निर्माण | ४९९६०० |
| २४१।०८०।२।१। | पञ्चे स्वास्थ्य इकाइ भवन | भवन निर्माण | २२४८५० |
| २५५।०८०।२।४। | साझा फुलवारी महिला | भवन निर्माण | ९७९००० |
| २८७।०७८।२।१६ | मगरकोट कृषि तथा पशु विकास महिला सं सं लि | भवन निर्माण | ४४७७०० |
| ३००।०७८।२।१८ | हात्तिढुङ्गा सामुदायिक भवन निर्माण | भवन निर्माण | १९१९०० |
| ३१०।०८०।२।२१ | सामुदायिक भवन निर्माण सिनपा १३ | भवन निर्माण | ४९९५०० |
| ३२३।०८०।।२।२२ | जलुके कृषि तथा पशु विकास सहकारी | भवन निर्माण | २७९१०० |
| ३३८।०८०।२।२४ | वर्थिङ्ग सेन्टर अधुरो भवन निर्माण | भवन निर्माण | ४७८३०० |

सैद्धान्तिक बेरुजु

९५ **प्रदेश विशेषको रकम उपभोक्ता समितिबाट कार्य गराएको -** विशेष अनुदान सम्बन्धी कार्यविधि २०७६ दोश्रो संशोधन बुदा (८) को (२) मा विशेष अनुदान बापत प्राप्त रकम उपभोक्ता समितिमार्फत संचालन हुने आयोजना कार्यक्रममा खर्च गर्न नपाइने व्यवस्था छ। पालिकाले प्रदेश विशेष कार्यक्रम अन्तर्गत निम्न योजनाहरु कार्यविधि विपरित उपभोक्ता समितद्धारा कार्य गराई खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| गोभौनं./मिति | योजना/उपभोक्ता समितिको नाम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १२/२०८०/२/८ | बढीदमार सिंचाई योजना/ बढीदमार सिंचाई योजना उ.स | २१०६०८२.९२ | १९७२३३४ |
| १७/२०८०/३/०६ | बोक्से चौर सिंचाई योजना/ बोक्से चौर सिंचाई योजना उ.स | ८४२९९०.७३ | ७९८२०० |
| | **जम्मा** | | २७७०५३४ |

| अनियमित भएको | २७,७०,५३४ |
|---|---|

९६ **कल्भर्ट निर्माण -** पालिकाले पावरा विक्रम सडकमा कल्भर्ट निर्माण कार्यको लागि सम्झना निर्माण सेवा संग २०७९।१०।१० मा ठेक्का सम्झौता गरी ५.७ मिटर लेन्थको कल्बर्ट निर्माण गरि रु २६०९८१८ भुक्तानी गरेको छ । सोही ठाउमा पुन थप कार्य गराउनको लागि २८०।१।११ मा ठेक्का सम्झौता गरी सम्झना निर्माण सेवालाई पहिलो ठेक्काको कल्भर्ट निर्माण भइसकेको ठाउमा मेन वाल, वेस वाल, विङ्गिस वाल लगाएको भनी पुन वालको कार्यमा रु १०९४०३९ भुक्तानी गरेको छ । यसरी पहिले कल्भर्ट निर्माण भइसकेको ठाउमा पुन वाल लगाएको उल्लेख गरी भुक्तानी भएको सम्वन्धमा आस्वस्त हुन सकिएन पालिकाले अनुगमन गरी एकिन हुनुपर्ने रु

| प्रमाण पेश नगरेको | १०,९४,०३० |
|---|---|

९७ **कार्यालय भवन**

९७.१ पलिकाले अफिस भवनमा कम्पाउण्ड वाल ट्रष्ट र लिफ्ट जडान लगायतको कार्य का लागि २०७९।८।१९ मा शहिद निर्माण सेवा संग रु ११९०८६७६।५२ सम्झौता गरेको पाइयो । भवन निर्माण सम्वन्धमा देखिएका व्यहोराहरु

| सैद्धान्तिक बेरुजु |
|---|

९७.२ समपुरक अनुदान सम्बन्धी कार्यविधि,२०७५ को बुँदा नं.१० मा समपुरक अनुदानबाट सञ्चालित योजना तथा कार्यक्रम तोकिएको अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो योजना तथा कार्यक्रम स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने उल्लेख छ । पालिकाले संघबाट प्राप्त समपुरक रकम मध्ये खर्च नभई बाँकी रहेको रु २७ लाख ६३ हजार ४ सय पालिकाले गत वर्ष नै संघीय सरकारले अनुदान दिइसकेको नगरपालिका भवन निर्माणमा भुक्तानी गरेको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

९७.३ कार्यालय भवनमा लिफ्ट जडान भएता पनि लिफ्ट संचालनमा रहेको पाइएन । पालिकाले जडान गरेको लिफ्ट विधुत भोल्टेज नपुगेको कारण संचालनमा नरहेको वाताइएको छ । मेशिनरी औजार जडान गर्नुपूर्व संचालन समयमा अवश्यक पर्ने पूर्वाधार पहिचान नगरी जडान गरेको ले उक्त खर्च अनावश्यक देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

९७.४ सार्वजनिक खरिद नियमावली २०६४ अनुसार नियम ११२ मा १० लाख भन्दा माथिको निर्माणमा विमा गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय अनुसारका निर्माण कार्यका लागि सम्झौता गर्दा निर्माण कार्य वापत निर्माण कार्यको उपकरण श्रमिक र तेश्रो पक्षको समेत वीमा गराउनुपर्ने गरी सम्झौता गरेको छ । सम्झौता अनुसार पि एस आइटमको भुक्तानी गर्दा विल भर्पाई पेश गर्नुपर्नेमा

विमा वापत रु ४९५४० भुक्तानी भएकोमा विमाको विजक रु ४५४३० पेश भएकोले विल भन्दा वढी भुक्तानी रकम रु ४११० असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,११० |

९७.५ सम्झौताको जि सि सि ५७.१ मा उल्लेख भए अनुसार प्रोभिजनल सम र भ्याट वाहेकको अंकको पेश्की भुक्तानी गर्नुपर्नेमा प्रोभिजनल सम र भ्याट सहितको अंकको पेश्को भुक्तानी गरी नियम भन्दा रु २८११२० वढी पेश्की दिएको छ । पलिकाले सम्झौता परिपालना तर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९८ **विमा रकम -** १८०।०७९।१२।२९सार्वजनिक खरिद नियमावली २०६४ अनुसार नियम ११२ मा १० लाख भन्दा माथिको निर्माणमा निर्माण कार्यको उपकरण श्रमिक र तेश्रो पक्षको समेत वीमा विमा गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले अर्घा भगवति कन्ष्ट्रक्सनलाई वडा कार्यालय भवन निर्माणमा पि एस आइटम अन्तर्गत विमा वापत रु २०९४८ भुक्तानी भएकोमा विमाको विल विजक पेश गरेको नदेखिएकोले विल विजक वेगर भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,९४८ |

९९ **वढी भुक्तानि -** कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाको जिल्ला दररेट अनुसार माटो एक्जाभेसन कार्यको लागि दर रु ६६।२७ कायम भएकोमा दर रु ६७।२५ ले निम्नानुसारको योजनालाई वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| **भौ नं** | **योजना** | **परिमाण** | **रकम** |
|---|---|---|---|
| २८२।०८०।२।८ | घसेनी रातामाटा दरवारे मो वा उ स | १६८० | १६८० |
| २५६।०८०।२।४ | घसेनी टोल कृषि सडक मर्मत | ६२०।०५ | ६२० |
| जम्मा | २३०० | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३०० |

१०० **वढी भुक्तानि -** २८२।०७९।२।१० आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले फलाटे सिंचाइ योजना उपभोक्ता समिति सिनपा ५ लाई कार्यसम्पन्न प्रतिवेदन अनुसार रु २९१००० भक्तानी गर्नुपर्नेमा रु २९९५०० भुक्तानी गरेकोले वढी भुक्तानी रकम रु ८५०० असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,५०० |

**अनुसूचीहरू**

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : शितगंगा नगरपालिका, अर्घाखाँची ,

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | झविन्द्र खनाल | २०७८-९-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सन्तोष पन्थी | २०७८-९-५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३१४,८५१ | २४,८२७,०९६ | ४,१२३,६६९ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २९,२६५,६१६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २९,२६५,६१६ |

## आर्थिक कारोवारको स्थिति

स्थानीय तह : सितागंगा नगरपालिका , अर्घाखाँची **अनुसुची - १**

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७६७३२२८५.२९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ७६१६९५५६३.४६ | **चालु खर्च** | ५४८२५३०८८.५८ |
| **प्रदेश सरकारबाट अनुदान** | ४३७७०५११ | **पूँजीगत खर्च** | २२९८२४५६८ |
| **राजश्व बाँडफाँट** | १५१०१२७५८.४५ | **वित्तीय/अन्य व्यवस्था** | २३२९३६६११.४६ |
| **आन्तरिक आय** | १३६२०९०९.४८ | | |
| **अन्य आय** | २०६६७१०५ | | |
| **कुल आय** | ९९०७६६८४७.३९ | **कुल खर्च** | १०११०१४२६८.०४ |
| **बाँकी मौज्दात** | | ५६४८४८६४.६४ | |

अनुसूची - २

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ९४,१९,९१,५३२.०९ | ७६,६२,९४,५३४.९३ | | ७६,६२,९४,५३४.९३ | ७८,२४,४०,७३३.७३ | | ७८,२४,४०,७३३.७३ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ९१,७०,५२,०६७.०० | ७४,९०,६३,६७९.९३ | ० | ७४,९०,६३,६७९.९३ | ७७,१६,४३,८७१.७३ | ० | ७७,१६,४३,८७१.७३ |
| ११००० कर | ११ | १८,४४,६८,०००.०० | १४,०७,८२,०६९.७४ | ० | १४,०७,८२,०६९.७४ | १५,७९,९२,७३३.२४ | ० | १५,७९,९२,७३३.२४ |
| १३००० अनुदान | | ६४,९४,९९,०००.०० | ५८,४४,३०,०१२.०० | ० | ५८,४४,३०,०१२.०० | ५८,७३,८३,२१२.७० | ० | ५८,७३,८३,२१२.७० |
| संघीय सरकार | १२ | ५९,९४,३०,०००.०० | ५४,२२,८१,२९३.०० | ० | ५४,२२,८१,२९३.०० | ५२,८६,२३,८४९.७० | ० | ५२,८६,२३,८४९.७० |
| प्रदेश सरकार | १२ | ५,००,६९,०००.०० | ४,२१,४८,७१९.०० | ० | ४,२१,४८,७१९.०० | ५,०९,१७,५७७.०० | ० | ५,०९,१७,५७७.०० |
| अन्तरिक श्रोत | | ० | ० | ० | ० | ७८,४१,७८६.०० | ० | ७८,४१,७८६.०० |
| १४००० अन्य राजस्व | | २,९४,००,०००.०० | २,३८,५१,५९८.१९ | ० | २,३८,५१,५९८.१९ | २,४७,६७,९२५.७९ | ० | २,४७,६७,९२५.७९ |
| १५००० विविध प्राप्ति | | ० | ० | ० | ० | १५,००,०००.०० | ० | १५,००,०००.०० |
| ३२००० वित्तीय सम्पत्ति | | ५,३६,८५,०६७.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २,४९,३९,४६५.०९ | १,७२,३०,८५५.०० | | १,७२,३०,८५५.०० | १,०७,९६,८६२.०० | | १,०७,९६,८६२.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | २,४९,३९,४६५.०९ | १,२१,००,६४१.०० | ० | १,२१,००,६४१.०० | ४७,२५,७९६.०० | ० | ४७,२५,७९६.०० |
| धरौटी | | ० | ५१,३०,२१४.०० | ० | ५१,३०,२१४.०० | ६०,७१,०६६.०० | ० | ६०,७१,०६६.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भुक्तानी (ग+घ) | | ९४,१९,९१,५३२.०९ | ७८,९९,७८,२०५.५८ | | ७८,९९,७८,२०५.५८ | ७८,७९,८६,०२७.४१ | | ७८,७९,८६,०२७.४१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ९१,७०,५२,०६७.०० | ७७,८०,७७,६५६.५८ | | ७७,८०,७७,६५६.५८ | ७७,५४,६४,८०८.९८ | | ७७,५४,६४,८०८.९८ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३८,०२,०६,०००.०० | ३३,५५,२०,९६३.१९ | ० | ३३,५५,२०,९६३.१९ | ३१,४१,५३,९५०.७० | ० | ३१,४१,५३,९५०.७० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १८,४७,७१,०६७.०० | १४,८५,४७,०८२.३९ | ० | १४,८५,४७,०८२.३९ | १९,१५,४८,१४०.२८ | ० | १९,१५,४८,१४०.२८ |
| २५००० सहायता (Subsidy) | १८ | ४,८१,००,०००.०० | ४,१५,०८,७१८.०० | ० | ४,१५,०८,७१८.०० | ३६,३५,१०६.०० | ० | ३६,३५,१०६.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | २,४७,७८,०००.०० | १,९८,७४,०१६.०० | ० | १,९८,७४,०१६.०० | १,७६,९३,९९७.०० | ० | १,७६,९३,९९७.०० |
| २८००० अन्य खर्च | १८ | ४६,४७,०००.०० | २८,०२,३०९.०० | ० | २८,०२,३०९.०० | ४७,८७,२१३.०० | ० | ४७,८७,२१३.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २७,४५,५०,०००.०० | २२,९८,२४,५६८.०० | ० | २२,९८,२४,५६८.०० | २४,३६,४६,४०२.०० | ० | २४,३६,४६,४०२.०० |
| घ. अन्य भूक्तानी | | २,४९,३९,४६५.०९ | १,१९,००,५४९.०० | | १,१९,००,५४९.०० | ७८,७९,८६,०२७.४१ | | ७८,७९,८६,०२७.४१ |
| कोषहरु | | २,४९,३९,४६५.०९ | ७१,३४,०४१.०० | ० | ७१,३४,०४१.०० | ७९,६८,९०७.४३ | ० | ७९,६८,९०७.४३ |
| धरौटी | | ० | ४७,६६,५०८.०० | ० | ४७,६६,५०८.०० | ४५,५२,३११.०० | ० | ४५,५२,३११.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | | (२,३६,८३,६७०.६५) | | (२,३६,८३,६७०.६५) | (५५,४५,२९३.६८) | | (५५,४५,२९३.६८) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ८,०१,६८,५३५.२९ | | ८,०१,६८,५३५.२९ | ८,२५,८६,८२८.९७ | | ८,२५,८६,८२८.९७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ५,६४,८४,८६४.६४ | | ५,६४,८४,८६४.६४ | ७,७०,४१,५३५.२९ | | ७,७०,४१,५३५.२९ |

**अनुसूची -३**

| सि.नं | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख/उपाध्यक्ष | वडाअध्यक्ष १४ जना | कार्यपालिका सदस्य ९ जना | सभाका सदस्य ४9 जना | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २४०००.०० | २४०००.०० | ६७२०००.०० | 1१२०००.०० | १२,४९,००० | ९१२०००.०० |
| २ | यातायात खर्च | ०.०० | ०.०० | २०१६०००.०० | 9१२०००.०० | २०५९०००.०० | ४९९६०००.०० |
| ३ | टेलिफोन,मोबाइल | ४९०००.०० | ४९०००.०० | ५०४०००.०० | २९९०००.०० | १४७००००.०० | २३५९०००.०० |
| ४ | पुस्तक,पत्रीका,ईन्टरनेट | ६००००.०० | ६००००.०० | ६७२०००.०० | ३३६०००.०० | ११७६०००.०० | २३०४०००.०० |
| ५ | जनपर्तिनिधि विद्युत उर्जा खर्च सुविधा र मर्मत सम्भार | ६००००.०० | ६००००.०० | ०.०० | ०.०० | ०.०० | १२००००.०० |
| ६ | जनपर्तिनिधि जनसम्पर्क/ विशेष कार्य सुविधा | १५६०००.०० | 9६०००.०० | ११७६०००.०० | ५७६०००.०० | १७६४०००.०० | ३७६९०००.०० |
| ७ | अतिथि सत्कार | ९४०००.०० | ७२०००.०० | १००९०००.०० | २९९०००.०० | ०.०० | १४५२०००.०० |
| ८ | खानेपानी/बिजुली/सरस फाई | ६००००.०० | ६००००.०० | ०.०० | ०.०० | ०.०० | १२००००.०० |
| ९ | चाडपर्व खर्च | १५०००.०० | १५०००.०० | १६९०००.०० | ९९०००.०० | ३४३०००.०० | ६२9०००.०० |
| जम्मा | | ५०७०००.०० | ४३५०००.०० | ६२१६०००.०० | २६९००००.०० | ६९११०००.०० | १६६४9०००.०० |

**अनुसूची -४**

| गो.भौ.नं./मिति | योजनाको नाम | लागत अनुमान | कार्यालयले व्यहोर्ने | प्राविधिक मूल्याँकन | भुक्तानी | निर्माण व्यवसायीको नाम | विल रकम |
|---|---|---|---|---|---|---|---|
| २/२०७९/१२/०३ प्रदेश पूजिगत | खैसी छहरे माटो बाटो विस्तार तथा स्तररोन्नती | ८४२१७४ | ८००००० | ८३६०८४ | ७९४००० | जमुना निर्माण सेवा | ९४५८१० |
| १५/२०८०/३/०६<br>प्रदेश पूजिगत | वोडाचौर काउले मोटरबाटो निर्माण तथा स्तरोन्ती | ६३२६०१ | ५८२००० | ६२७१५६ | ५९४३०० | सम्झना निर्माण सेवा | ७१४१४७ |
| ३५/२०७९/९/१८ नगरपालिका पूजिगत | साविक जुकेना ४र ५ निर्माण तथा स्तरोन्ती | ६३३००३ | ६००००० | ६२८७१२ | ५९५९०० | पौडेल ब्रदर्श निर्माण सेवा | ६८८६७८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३९/२०७९/९/२९ नगरपालिका पूजिगत | कलस्टर न.३ का सम्पूर्ण मो.बा मर्मत तथा स्ट्रक्चर निर्माण उस | ५२७०२३ | ५००००० | ५२७८०७ | ५००००० | सागर निर्माण सेवा | ५०५०३१ |
| ४१/२०७९/९/२९ नगरपालिका पूजिगत | चिदिचौर सिनिङ्ग खोला बेसारेडाडाँ मोटरबाटो निर्माण तथा स्तरोन्ती | ६३२०२८ | ६००००० | ६०५४०२ | ५७४००० | लक्ष्मी कन्ट्रक्सन एण्ड सप्लार्यस प्रालि | ६८५९७७ |
| ४२/२०७९/९/२९ नगरपालिका पूजिगत | शाखा बाटो सकार | ५३२२२७७ | ५००००० | ५२८२३५ | ४९६२०० | बुद्धभुमि निर्माण सेवा | ५३२०३८ |
| ५१/२०७९/१०/०६ नगरपालिका पूजिगत | न्वारा खिम्दि कोहल मोटरबाटो | १०५३५१६ | १०००००० | १०५३२०५ | १०००००० | भुसाल निर्माण सेवा | ११११२४०० |
| ६१/२०७९/१०/२२ नगर पूजिगत | वनकसवास खयरभट्टि आँपखोला मौवावारी पत्थरकोट मोटरबाटो | ९४८८७० | ९००००० | ९४८८३८३ | ८९९६०० | ईशा काष्ठ सप्लार्यस | १०७२१७८ |
| ७०/२०७९/१०/२६ नगर पूजिगत | शि/न/पा १० का सहायक मोटरबाटो मर्मत | ८९६८२४ | ८५०००० | ८३९९०० | ८३९१०० | हर्रे निर्माण सेवा प्रा/लि | ८९८७८९ |
| ८५/२०७९/११/१४ नगर पूजिगत | चाक्ला जुकेना मोटरबाटो | ८४२१३७ | ७७६००० | ८३८१९७ | ७९६२०० | सुबोध कन्ट्रक्शन | ९१९८२० |
| १०९/२०७९/१२/०२ नगर पूजिगत | खयरभट्टी फोर्सल मुल बाके ढोडेनी पुल्दे दोबाटो वेलदमार चापदिप मोटरबाटो | ९४८३०२ | ९००००० | ९८४८१६ | ९००००० | ईशा काष्ठ सप्लार्यस | १०७२१७७ |
| १२२/२०७९/१२/०२ नगर पूजिगत | साविक १,२ मोटर बाटो मर्मत | ६३१८६७ | ६०००० | ६२८७३२ | ५९७००० | बुद्धभुमि निर्माण सेवा | ७१०४४६ |
| २७२/२०८०/२/८ | रातामाटा दरबारै मो.बा उ.स | १५०००० | ११७००० | १४८००० | ११६५०० | बुद्धभुमि निर्माण सेवा | १२२१५२ |
| | | | | जम्मा | ८७०२८०० | | |